दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ५६ | बुटवल | २०८१ फागुन ०७, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Feb. 19, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**फोहोर मैलाको उचित व्यवस्थापन गरौं।**

-घर वरिपरि तथा सार्वजनिक स्थानमा फोहोर नफालौं।
-फोहोरलाई डस्बिन वा फोहोर संकलन केन्द्रमा मात्रै फालौं।
-सकेसम्म प्लाष्टिक प्रयोग नगरौं।
-प्लाष्टिक तथा अन्य फोहोरलाई नजलाऔं।
-कुहिने नकुहिने र पुनः प्रयोग गर्न मिल्ने गरी छुट्टाछुट्टै भाडामा फोहोर राखौं।
फोहोरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहयोग गरौं।

नेपाल सरकार विज्ञापन बोर्ड

## दाङको ९१० बिघा जग्गा अतिक्रमण भएको प्रतिवेदन प्रधानमन्त्रीलाई

दाङ । दाङको संस्कृत विश्वविद्यालयको जग्गा खोजबिन समितिले ९१० बिघा जग्गा अतिक्रमण भएको प्रतिवेदन प्रधानमन्त्री केपी ओलीलाई बुझाएको छ।

प्रधानमन्त्री निवास, बालुवाटारमा समितिका संयोजक शेखरप्रसाद पौडेलले विश्वविद्यालयको विद्यमान जग्गाहरुको उपयोग, अतिक्रमणको अवस्था र अतिक्रमण हटाउन चालिनुपर्ने कदमका विषयमा सुझावसहितको प्रतिवेदन कुलपति ओलीलाई बुझाएका हुन् । सरकारले गत असार २० मा पूर्व न्यायाधीश पौडेलको संयोजकत्वमा पाँच सदस्यीय जग्गा खोजबिन समिति गठन गरिएको थियो। समितिले दाङमा रहेको विश्वविद्यालयको कुल १ हजार ६६२ बिघा जग्गा रहेको र देउखुरी क्षेत्रमा १ हजार ३३६ बिघामध्ये ९१० बिघा अतिक्रमण भई २०५९ देखि ती जग्गाबाट विश्वविद्यालयले कुनै आम्दानी प्राप्त नगरेको जानकारी प्रधानमन्त्री ओलीलाई गराएका छन् । संयोजक पौडेलले जग्गालाई उपयोगमा ल्याउन लिजमा दिन सकिने र अतिक्रमण हटाउन सरकार र राजनीतिक दलको सहयोग आवश्यक हुने सुझाव दिए।

प्रधानमन्त्री ओलीले प्रतिवेदन ग्रहण गर्दै अध्ययन र छलफल गरेर आवश्यक प्रक्रिया अघि बढाउने विश्वास दिलाउँदै विश्वविद्यालयहरुमा तालाबन्दी र अतिक्रमण जस्ता अवाञ्छित क्रियाकलाप रोकिनुपर्नेमा जोड दिएका छन्।

प्रतिवेदन हस्तान्तरणका अवसरमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं सहकुलपति विद्या भट्टराई पनि सहभागी थिइन्।

## नागरिकको अवस्था परिवर्तन भएन : ज्ञानेन्द्र



बुटवल । पूर्व राजा ज्ञानेन्द्र शाहले व्यवस्था बदल्नेबाट नागरिकको अवस्था परिवर्तन हुन नसकेको आरोप लगाएका छन्।

प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा शुभकामना सन्देश प्रसारित गर्दै शाहले व्यवस्था बदलियो भन्नेहरुले अवस्था राम्रोसँग बदल्न नसक्नु दुःखद भएको टिप्पणी गरेका हुन्। राष्ट्र जोगाउन र राष्ट्रिय एकता कायम राख्न आफूलाई साथ दिन नागरिकलाई उनले आह्वान गरे।

जनताको भलोका लागि आफूले ओहोदा र सुख सुविधा त्यागेको शाहको दाबी छ। राजगद्दी त्यागेको विषयलाई कमजोरी नठान्न शाहले दलहरुलाई चेतावनी दिए। नेपालको उन्नतिका लागि त्याग गरेको र जनहीतमा अन्य कुरा पनि त्याग्न तयार रहेको उनले बताए।

जनता र राजा मिलेर प्रजातन्त्रलाई सबल बनाउन लागिपरेको इतिहास साक्षी रहेको उल्लेख गरे।

» *बाँकी ३ पेजमा*

**भैरहवाकी प्रकृतिको ओडिसामा मृत्यु :**

# चौतर्फी दबाबपछि बन्यो छानवीन समिति



**लुम्बिनी संवाददाता**
*बुटवल*

कलिंगा इन्स्टिच्यूट अफ् इन्डस्ट्रियल टेक्नोलोजी (केआइआइटी) मा भैरहवाकी प्रकृति लम्सालको मृत्युपछि सिर्जित परिस्थितिबारे छानिबन गर्न ओडिसा सरकारले उच्चस्तरीय छानबिन समिति गठन गरेको छ।

ओडिसा प्रदेश सरकारको सूचना तथा जनसम्पर्क विभागले प्रेस विज्ञप्ति जारी गर्दै छानबिन समिति गठन गरिएको उल्लेख गरेको छ। समितिमा गृह विभागबाट अतिरिक्त मुख्य सचिव, महिला तथा बालविकास विभागबाट प्रमुख सचिव, र उच्च शिक्षा विभागबाट आयुक्त सहसचिव सदस्य रहने भनिएको छ।

'कलेजमा प्रर्दशन गरिएका विद्यार्थीमाथि बल प्रयोग र दुर्व्यवहारका घटनाहरु बाहिर आएका छन्, त्यसमाथि अनुसन्धान भइरहेको छ र कानुनअनुसार कारबाही पनि हुनेछ', विभागका निर्देशकले जारी गरेको विज्ञप्तिमा भनिएको छ-'यसबारे कलेजलाई पनि जानकारी गराइएको छ र उच्चस्तरीय समितिको निष्कर्षका आधारमा कलेजमाथि उपयुक्त कानुनी र प्रशासनिक कारबाही गरिनेछ।'

विज्ञप्तिमा प्रदेश सरकार विद्यार्थीहरूको सुरक्षा, सम्मान र कल्याणका लागि सुनिश्चित गर्नका लागि प्रतिबद्ध छ। 'ओडिसा सरकारले सबैलाई न्यायका लागि आवश्यक कदमहरु चाल्नेछ।'- विज्ञप्तिमा भनिएको छ। आइतबार अपराह्न २० वर्षीय प्रकृति होस्टलको कोठामा मृत अवस्थामा फेला परेकी थिइन्।

उनले आफूमाथि सोही कलेजमा अध्ययनरत अड्विक श्रीवास्तवले पटक-पटक मानसिक यातना दिइरहेको भन्दै अन्तर्राष्ट्रिय सम्बन्ध विभाग (आइआरओ) मा दुई पटक निवेदन दिएकी थिइन्। तर, कलेजले गम्भीरता देखाएको थिएन।

साँझबाटै विद्यार्थीहरुले उनको न्यायको माग गर्दै प्रदर्शन थालेका थिए। तर, युनिभर्सिटी प्रशासनले प्रदर्शन गरेका विद्यार्थीहरुमाथि उल्टै दमन गरेको थियो।

कलेजका सुरक्षागार्ड र बाउन्सरहरूले विद्यार्थीलाई कुटपिट गरेको र लखेटेको भिडियोहरु सामाजिक सञ्जालमा भाइरल समेत भएको थियो। उक्त विषयमा मंगलबार दिउँसो ओडिसाको विधानसभामा पनि कुरा उठेको थियो। चौतर्फी दबाबपछि ओडिसा सरकारले छानवीन समिति गठन गर्न बाध्य भएको हो। प्रकृति लम्सालको मृत्युपछि त्यहाँ रहेका नेपालीहरूलाई कुटपिट गर्दै निकालिएको छ। करिब तीन सय नेपाली विद्यार्थीहरू नेपाल फर्किन कलकत्तास्थित रेल स्टेशनमा पुगेका छन्। सोमबारदेखि निकालिएका अधिकांश विद्यार्थीहरू भोकै यात्रा गरिरहेका छन्।

यसैबिच केआइआइटीमा अध्ययनरत नेपालीको अवस्था बुझ्न दुई नेपाली सुरक्षा अधिकृत ओडिसा पुगेका छन्।

नेपाली दूतावासका कन्सुलर सञ्जीव शर्मा दास र नविन अधिकारी कलेजको होस्टलमा पुगेर विद्यार्थीहरूसँग वर्तमान अवस्थाबारे जानकारी लिएका हुन्।

» *बाँकी ३ पेजमा*

# उजिरसिंह रंगशाला बनाउन तीन करोड




बुटवल। लुम्बिनीको मन्त्रिपरिषद् बैठकले बुटवलको उजिरसिंह रंगशाला निर्माणका लागि आवश्यक बजेट तथा अख्तियारी प्रदान गर्ने निर्णय गरेको छ।

प्रदेश पूर्वाधार विकास प्राधिकरणलाई उक्त रंगशाला निर्माण कार्यान्वयन गर्न जिम्मेवारी दिने निर्णय गरिएको सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले जानकारी दिए।

प्रदेश सरकारको निर्णयअनुसार चालु आर्थिक वर्षका लागि तीन करोड बजेट विनियोजन गरेको थियो। अब उक्त बजेट प्रदेश पूर्वाधार विकास प्राधिकरणलाई निकासा गर्दै निर्माण कार्यलाई अघि बढाइनेछ। यसअघि, सामाजिक विकास मन्त्रालयमार्फत् सञ्चालन हुँदै आएको उक्त आयोजना हालै गठन भएको युवा तथा खेलकुद मन्त्रालयमा हस्तान्तरण गरिएको थियो।

रंगशाला निर्माण स्थल वन क्षेत्रमा पर्ने भएकाले नेपाल सरकार मन्त्रिपरिषद्ले गत असोज १८ गते वन क्षेत्र प्रयोग गर्ने स्वीकृति प्रदान गरेको थियो।

हाल निर्माण प्रक्रियालाई अघि बढाउन प्रदेश सरकारको मन्त्रिपरिषद्ले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिअनुसार आवश्यक बजेट व्यवस्थापनको निर्णय लिएको हो।

यस्तै बैठकले प्रदेश पूर्वाधार विकास प्राधिकरणका उच्चस्तरीय निर्देशक समितिका विज्ञ सदस्यहरूको राजीनामा स्वीकृत गर्ने निर्णय गरेको छ।

भू-प्रविधि विज्ञ मन्दीप सुवेदी र कानुन विज्ञ पदमप्रसाद वैदिकले दिएको राजीनामा स्वीकृत गर्ने निर्णय भएको हो।

यस्तै वन तथा वातावरण मन्त्रालयको प्रस्तावअनुसार वन क्षेत्रभित्रका खोलाखोल्सी व्यवस्थापन कार्यविधि, २०८१ पहिलो संशोधनलाई स्वीकृति प्रदान गरिएको छ। यस्तै सामाजिक विकास मन्त्रालयले प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन कार्यविधि, २०७६ को तेस्रो संशोधनलाई मन्त्रिपरिषद्ले स्वीकृति प्रदान गरेको छ।



## सम्पादकीय

# दोषीलाई कानुनी कारबाही हुनुपर्छ

तनहुँको बन्दिपुर नगरपालिका वडा नम्बर ६ का अध्यक्ष बलबहादुर गुरूङ र रूपन्देहीको रोहिणी गाउँपालिका वडा नम्बर २ का अध्यक्ष करम हुसेन खाँले पालिकाका कर्मचारीलाई कुटपिट र दुर्व्यवहार गर्नु निन्दनीय छ। बन्दिपुर–६ का वडाध्यक्ष गुरूङले वडा सचिव नविन भुसाललाई घाँटी थिचेर कुटपिट गरेका छन् भने रोहिणी–२ का अध्यक्ष हुसेनले कार्यपालिका बैठक चल्दै गर्दा पालिका शिक्षा शाखा प्रमुख मधुप्रसाद घिमिरेलाई हातपात गरेको घटनाले स्थानीय तहमा मौलाएको अराजकता छताछुल्ल भएको छ।

बन्दीपुर-६ का सचिव भुसाललाई घाँटी थिचेर कुटपिट गर्ने वडाध्यक्षलाई कर्मचारीको दबाबपछि पक्राउ गरिएको छ। कर्मचारीमाथि हातपात र कुटपिट गर्ने जनप्रतिनिधिलाई पक्राउ गर्न चर्कै दबाब दिनुपर्ने अवस्था आउनु राजनैतिक नेतृत्वले गर्ने मनपरी सामु कानुन निरिह भएको देखिन्छ। कानुन र विधि सबैलाई समान लाग्नुपर्छ। कानुनको पालना र कार्यान्वयन समान भएमात्रै विधिको शासन स्थापित हुने हो। विधिको शासन स्थापित हुन सक्दा मात्रै लोकतन्त्र बलियो हुने हो। लोकतान्त्रिक विधिमार्फत् निर्वाचित जनप्रतिनिधिले निर्वाचित भएपछि कर्मचारीमाथि कुटपिट र हातपातमा उत्रनुले फाशिष्ट प्रवृत्ति बढ्दै गएको प्रष्ट भएको छ। जनप्रतिनिधिको यो चरित्रले लोकतान्त्रिक व्यवस्थालाई कमजोर बनाउँदै जाने र व्यवस्थाप्रति नागरिक टाढिदै जाने जोखिम हुन्छ।

रोहिणी–२ का वडाध्यक्ष हुसेन र कर्मचारी घिमिरेबिच भएको घटनामा कर्मचारी घिमिरे मुख्य जिम्मेवार भएको जनप्रतिनिधिहरुले बताएका छन्। कर्मचारीहरुले भने हातपात र दुर्व्यवहार गर्ने वडाध्यक्षलाई कारबाही नभएसम्म काम ठप्प पार्ने चेतावनी दिएका छन्। वडाध्यक्षमाथि पहिले घिमिरेले हात उठाएकोले वडाध्यक्षले प्रतिकार गर्दा हातपात भएको भनाइ सत्य हो वा होइन्, त्यसको छानविन हुनुपर्छ। वडाध्यक्षले हातपात गरे, त्यो सार्वजनिक नै भयो। त्यसभन्दा पहिले कर्मचारीले हात उठाएको घटना हो भने कर्मचारीमा पनि बढ्दो अराजकता मौलाएको देखिन्छ।

यी दुई घटनाले स्थानीय तहमा कर्मचारी र राजनैतिक नेतृत्वबिच द्वन्द्व बढ्दो छ। दुई निकायबिचको द्वन्द्व आगामी दिनमा विभिन्न ढंगले विष्फोट हुने जोखिम बढेको छ। स्थानीय तह नागरिकको घरदैलोको सरकार हो। स्थानीय तहका जनप्रतिनिधि नागरिकको घरदैलोमा भेटिने जनप्रतिनिधि हुन्। नागरिकको घरदैलोमा भेटिने जनप्रतिनिधिको अराजक र उदण्ड व्यवहारले जनप्रतिनिधिप्रति नागरिकको वितृष्णा बढ्नसक्छ, त्यसले जन्माउने वितृष्णाको असर व्यवस्थाप्रति नै पर्नसक्छ। संघीय सरकारले जनप्रतिनिधि-कर्मचारी सम्बन्धलाई सुमधुर बनाउन पहलकदमी लिन आवश्यक छ। कानुन हातमा लिने जनप्रतिनिधि हुन कि कर्मचारी, जो भए पनि कारबाहीको दायरामा ल्याउन सक्दा अराजकता न्यूनीकरण गर्न सकिन्छ। त्यसो गर्न सक्दा मुलुक लयमा अघि बढ्छ।

# जनताको नासो हो २००७ फागुन ७



हरिविनो अधिकारी




यस पटकको कान्तिविहीन प्रजातन्त्र दिवस फागुन ७। अहिले प्रजातन्त्र दिवस आयो र गयो भनेजस्तो भएको छ। भनिन्छ- गणतन्त्रको छायाँमा प्रजातन्त्रको अवस्था लाचार बनेको छ। वास्तवमा गणतन्त्रले नै प्रजातन्त्रको अर्थ बोकेको हुन्छ, गणतन्त्र अर्थात् समूह समूहको समन्वयबाट गरिने शासन। तर बेलायतको प्रसङ्गले गणतन्त्रको अर्थले राजाविहीन शासनको स्वरूप पहिचान भएको हो किनभने राजतन्त्रमा पनि प्रजातन्त्रले काम गरिरहन सक्दोरहेछ। राजाविहीन शासनलाई गणतन्त्र किन पनि भनियो भने राजाको शासनलाई राजतन्त्र नै त भनियो अनि गणतन्त्रको स्वरूपमा राजाविहीन भनियो होला तर स्वतन्त्रतापूर्वक जनताको सहभागिताले चल्ने शासन नै गणतन्त्रात्मक राज्य व्यवस्था हो। वैशालीको राजतन्त्रले गणतन्त्रात्मक स्वरूप दिएको थियो भनेर मानिन्छ।

नेपाली प्रजातन्त्रको कुरा गरौँ- प्रत्येक वर्ष फागुन ७ गते आउँछ, जान्छ। तर यसले नेपाली इतिहासमा एउटा जीवन्तता बोकेको मान्नुपर्छ। त्यो दिनले दिने स्पष्ट सन्देश भनेको नेपालका लागि नयाँ युगको सूत्रपात गरेको दिन भनेर बुझ्ने गरिएको छ। त्यस्तै बुझ्नु पनि जरुरी छ। वास्तवमा युगान्त भनेको त्यही दिन थियो। त्यस दिनको सम्झनाले प्रजातन्त्रका लागि सहादत दिनेहरु र त्यसको अमूर्ततालाई पनि जीवनको संस्कार सम्झेर मुलुकमा प्रजातन्त्र स्थापना र पुनर्स्थापना गर्ने सबै स्मरणीय र पुजनीय छन्। प्रजातन्त्रका लागि सहादत दिने सहिदहरु लगायत सातसालको नेतृत्व गर्ने बीपी, गणेशमानजी, मातृका बाबु, पुष्पलाल, मनमोहनजी लगायतका नेताहरु सबै बन्दनीय छन् र माननीय हुन्।

राणाले सुनको फूल पार्ने कुखुरी नै मार्न थालेकाले राणा शासनको अन्त्य भयो। राजाले पनि सत्ता कब्जाको बढी नै चाहना गर्दा राजतन्त्र नै गयो। कतिसम्म भने प्रजातन्त्रप्रति आस्थासम्म राख्नेलाई खोजी खोजी या त उसको चाहनामा परिवर्तन गरेर सक्रिय राजतन्त्रका पक्षमा लगे या त जेलमा राखेर, दण्डित गरेर फाँसी समेतको सजाय दिए।

निरङ्कुशतालाई प्रजातन्त्र भन्न लागिपर्दा राजतन्त्रविहीन भयो देश। प्रजातन्त्रको खोलमा सत्ता कब्जा गर्ने नियतिले आजसम्म पनि नेपाललाई छोडेको छैन र आजको संविधान कार्यान्वयनमा देखिएको पेचिलोपन त्यसैको प्रतिफल हो। हामी सत्ता कब्जा गर्न एउटा नेपालीलाई नेपाली भन्न पनि कन्जुस्याइँ गरेका हुन्छौँ र अरू सबै अराष्ट्रवादी भन्दै आफूलाई मात्र राष्ट्रवादी, प्रजातन्त्रवादी भन्नेगर्छौं। त्यही दुर्नियत दोहोऱ्याइ रह्यौँ भने साँच्चै प्रजातन्त्रको यो संकरस्वरूप पनि मासिने छ र नेपालको अस्तित्वमा समेत ग्रहण लाग्न सक्छ। जुन कुरा अहिले अरूलाई तर्साउन भन्ने गरेका छौँ, त्यो एक दिन घटित हुने देखिन्छ।

७४ वर्षपछि प्रजातन्त्र दिवसको बारेमा घोत्लिँदा लाग्छ, बितेका वर्षहरुमा हामी जनताको सेवामा भन्दा सत्ता कब्जा गर्ने ध्याउन्नमा बढी नै लागेका छौँ। देश बनाउनेभन्दा विश्वमा स्थापित भएका प्रजातान्त्रिक परम्परालाई नै विकृत बनाउनतिर लाग्यौँ। प्रजातन्त्रलाई वर्णसङ्कर बनाउतर्फ लाग्यौँ। प्रजातन्त्रप्रति कुनै आस्था नभएकालाई नै प्रजातन्त्र कार्यान्वयनको साँचो बुझाएर ढुक्कसँग बसेका जस्ता छौँ। तर हामीले विश्वको इतिहास र आफ्नै विगतको इतिहासलाई कहिल्यै केलाएनौँ। इतिहास त ऐना हो, आफैँ बोल्छ। त्यसलाई धेरै बोल्न दिनु नै पर्दैन।

आज त्यसैले आफ्नो ७४ वर्षको इतिहास केलाउन थाल्यौँ भने एउटा वर्णसङ्कर प्रजातन्त्रको तस्बिर (हाइब्रिड डेमोक्रेसी) सामुन्ने टल्किन्छ र हामीलाई प्रजातन्त्रले नै खिसी गर्छ। तथापि फागुन ७ ले जहिले पनि एउटा सन्देश दिइरहेको हुन्छ, हामीलाई ७४ वर्षअघिको सम्झनाका आधारमा। त्यसले दिने सन्देश भनेको विधिको शासन गर्न जनताका प्रतिनिधिहरुले मात्र पाउँछन् भन्ने हो- एउटा सकारात्मक सोचसहितको जनताको जनतालाई जनताका लागि शासन गर्ने प्रवृत्तिको विकास। जनप्रतिनिधित्वको विकास। समसामयिक विकाससहितको जनताको शासन प्रणाली जहाँ जनताले सामाजिक न्याय पाउने गर्छन्।

२००७ साल फागुन ७ गते नेपालको शासन व्यवस्थामा जनताको प्रत्यक्ष सहभागिता हुने गरी परिवर्तन भएको थियो। सात सालको जनक्रान्तिको पृष्ठभूमिमा रक्तपातपूर्ण नै सही तर त्यो शान्तिपूर्ण र अनुशासित आन्दोलन नै थियो, जसलाई भारतका अहिंसावादी नेता मोहनदास करमचन्द गान्धीको उच्चतम प्रभाव मानिन्थ्यो। त्यो जनक्रान्ति सम्पादन गर्दा नेपाल आमाका महान सपूतहरुले १९९७ सालदेखि नै राणाको जहानियाँ शासनको अन्त्यका लागि गाथ गादी ताकेको भनेर सहादत दिनुपऱ्यो, जसलाई उनीहरुले बिनाप्रतिरोध स्वीकार गरे। बिनाप्रतिरोध स्वीकार गर्नु नै अहिंसा थियो र त्यसैको परिणाम नै २००७ सालको अनुशासित जनक्रान्ति थियो किनकि राणाको पतनपश्चात् नै जनक्रान्तिलाई पूर्ण बिराम जो दिइएको थियो।

त्यो जनक्रान्तिबाट मुलुकले फड्को माऱ्यो नयाँ युगतर्फ। त्यसैको क्रमागत भए पनि तत्काललाई राणाहरुले शान्तिपूर्ण आन्दोलनलाई तिरस्कार गरेको ठानेर जहानियाँ शासन पनि हटाउने अनि विश्वव्यापी मान्यताको प्रजातन्त्रलाई पनि स्थापना गर्ने उद्देश्यले सशस्त्र जनक्रान्ति नै रोजिएको थियो शान्तिका लागि।

तर सात साल फागुन ७ ल्याउन चाहिँ सशस्त्र जनक्रान्ति नै गर्नुपरेको यथार्थ हाम्रो सामु स्पष्ट छ। तर त्यो यस्तो अनुशासित र नेतृत्वको नियन्त्रणमा रहेको सशस्त्र क्रान्ति थियो कि राणाले सत्ता छोड्ने सर्तमा स्थगित भयो। नभन्दै जहानियाँ राणा शासनले सत्ता छोड्यो र जनताको सहभागितामा सरकार बन्यो तर बन्यो त राणा अन्तिम प्राइम मिनिस्टर श्री ३ मोहन समशेर राणाको प्रधानमन्त्रित्वमा नै। वास्तवमा त्यो सरकार राणा र कांग्रेसको संयुक्त भए पनि राजाको वर्चस्वमा गठित थियो। कांग्रेसलाई लागेको थियो राजा हाम्रै हुन् अनि राणाले त पिँजरामा नै राखेका व्यक्ति नै राजा थिए। राजाका गुण र अवगुणबाट निवर्तित राणा पक्ष जानकार थियो। प्रजातन्त्र पक्षधर प्रजातन्त्रको स्थापना नै प्रशस्त मान्थ्यो र प्रजातन्त्रको प्रणालीले नै स्वतः काम गर्छ भन्ने भ्रममा थियो।

प्रजातन्त्रको दु रूपयोग भनौँ कि सदुपयोग सुरु भयो सत्ता कब्जाको लागि। हिजोसम्म श्री ३ को रूपमा कब्जा गरिएको सत्ता अब राणा कांग्रेस संयुक्त सरकारका रूपमा फेरि सत्तामा आउन पाउनु नै राणाका लागि नयाँ जित थियो। मोहन समशेरको सरकार निर्वाचनद्वारा संविधान सभा बनाएर जनप्रतिनिधिले बनाएको विधानले राज्य सञ्चालन गर्ने नै थियो। राजा त्रिभुवनले आफूलाई प्रजातन्त्रको पक्षमा देखाउँदा देखाउँदै पनि एक सय वर्षदेखि सक्रिय शासन गर्ने सत्ताबाट विमुख भएको राज परिवारले सक्रिय अधिकार खोज्ने समय त्यही बेलामा पाएको देखिन्छ, जुनबेला मुलुक सङ्क्रमणकालमा रुमल्लिएको थियो। एउटा स्थायी रूपमा सत्ता सञ्चालन गरिरहेको राणा सरकार नयाँ सरकारको विकल्पबिना जाने अनि अर्को कुनै निर्वाचित सरकारको अस्तित्व नरहेको अवस्था थियो सङ्क्रमणकालको।

२००७ साल फागुन ७ देखि नै राजाले आफ्नो वचन फेर्न थाले। पहिलो निर्वाचन कहिले हुने भन्ने अनिश्चय थपियो। यसको कारण थियो, सत्तामा वैधानिक रूपमा कब्जा गर्ने उपाय। सरकार गठन गऱ्यो, निर्वाचनको वातावरण हुन दिइएन अनि निर्वाचन गर्न सकेन भनेर हटायो। यो चक्र घुमिरह्यो। संविधान सभाको निर्वाचन गर्ने जुन प्रतिज्ञा र वचनबद्धता थियो, त्यो अन्त्यमा संसदीय निर्वाचनमा गएर टुङ्गियो। हुन त निर्वाचन नगर्नका लागि संविधान सभाको होइन, संसदको निर्वाचन गर्ने भए मात्र संविधान घोषणा गर्ने कुरा आएपछि उधारो संविधान सभाभन्दा तत्काल व्यवस्थापिकाको निर्वाचन गर्नका लागि संविधान घोषणा जरुरी भयो। नभए संविधान सभाले मात्र संविधान बनाउने जुन कुरा पहिले नै तय थियो।

स्वभावतः सातसालको जनक्रान्तिको परिणाम प्रजातन्त्र थियो र प्रजातन्त्रका लागि जनक्रान्ति गर्ने नेपाली काँग्रेसको अन्तिम माग नै संविधान सभा अनि त्यसले बनाएको संविधानअनुसार जनताको प्रत्यक्ष सहभागितामा प्रजातान्त्रिक सरकारको गठन थियो। तर देशको नवजात शिशुको रूपमा रहेको प्रजातन्त्र जोगाउन कांग्रेसले गरेको सहमतिलाई राजाले कमजोरी ठानेर २०१७ सालको कदम जुन चाले, आज त्यो नै राजतन्त्रका लागि अभिशाप बनेको र अन्ततः राजतन्त्र गएको तथ्य जग जाहेर छ। आजसम्म ७ वटा आमनिर्वाचन भएर प्रजातान्त्रिक सरकारहरु बने पनि किन प्रजातन्त्र सधैँ सङ्क्रमणकालमा छ त ? आज आफैँले आफैँलाई सोध्ने प्रश्न पनि यही हो किनभने प्रजातन्त्रमा जनता नै जनार्दन हो र मुलुकको भाग्य विधाता हो। तर हाम्रा निर्णयले र हाम्रा चाहनाले मुलुक चलेको छ त ? प्रश्न सधैँ आफैँमा अनुत्तरित छ। तर उत्तर पनि स्पष्ट छ– प्रजातन्त्रलाई सत्तामा जानेले आत्मसात् गर्न सकेनन्। कसैले पनि प्रजातन्त्रको मर्मलाई आत्मसात् गर्न सकेनन्। प्रजातन्त्रवादीले त सकेनन् भने प्रजातन्त्रका विरुद्ध जनयुद्ध गर्नेले त झन आत्मसात् गर्ने कुरै भएन। तर सत्तामा नागफणी बनाएर बस्ने को छ त अहिले ?

प्रजातन्त्रका पक्षमा कुरा गर्दा पहिले देश, अनि शासन प्रणाली अनि दलको प्राथमिकता राखिनुपर्ने हो। प्रजातन्त्रले एउटा सर्वस्वीकार्य विधिलाई स्थापित गरी त्यसैको आधारमा सत्ता सञ्चालन गर्ने भन्ने बुझ्दाबुझ्दै किन विधिलाई भन्दा मनोगत स्वार्थलाई प्राथमिकतामा राखिन्छ ? जबाफ त भविष्यसँग मात्रै छ, ती वाणीविहीन नेपाली जनतासँग मात्र छ, जसले मतदानका आधारमा आफ्नो वाणी बोल्नेगर्थे, बोल्ने गर्छन् र भोलि पनि बोलिरहलान्। तर त्यो अस्त्र सकेसम्म लुकाउने जो प्रचलन छ प्रजातन्त्रका नाममा आन्तरिक प्रजातन्त्रमा। जनताले बोले, सरकारमा प्रचण्ड बहुमत दिएर पनि पुऱ्याए तर के पाए भनेर सोच्ने बेला आउन थालेको छ। सायद फागुन ७ ले दिएको उपहार कति लाभदायक भयो भनेर समीक्षा गर्ने दिन पनि फागुन ७ मा नै हो कि ?

राणाले पनि सिधैं सत्ता कब्जा गर्नुभन्दा परोक्ष रूपमा सत्ताको बागडोर समालेका थिए, जुनकुरा मिहीन तरिकाले हेऱ्यो भने आज पनि कायम छ। प्रवृत्तिजन्य तरिका फरक होला तर सम्भ्रान्त वर्गले नै सत्ता सञ्चालन गरेको पाइन्छ सत्तामा, चाहे सर्वहारा नै किन कुर्सीमा नबसेको देखियोस्, अनकन्टार गाउँको एउटा गाउँले नै किन सत्ताको कुर्सीमा बसेको किन नहोस्। आजसम्मका शासकहरुमा राणाप्रवृत्तिको हालीमुहाली जो कायम छ संस्कारजन्य रूपमा समेत।

आजको पछिल्लो बहस भनेको सरकारको दुईवर्षे प्रगतिमा देखिन्छ। त्यही कुरालाई कसैले प्रगतिको चरम रूप देख्ने अनि त्यसैलाई कसैले सरकारको चरम प्रतिगामी स्वरूप देख्ने चलन जो विद्यमान छ। प्रत्येक दलको नेतृत्वको कुरामा पनि त्यही प्रवृत्तिले त्यो काम गरेको छ। प्रजातन्त्रका सबै कुरा पारदर्शी हुनुपर्छ र हुन्छ पनि। पारदर्शीपनमा कसरी एउटै कुरा फरक फरक देखिन्छ त ?

राजा पिँजडाको बाघ थिए राणा शासनमा। राणा शासनको अन्त्यपछिको सङ्क्रमणकालमा त्यो बाघले बाहिर विचरण गर्न पाएको थियो। बाघको स्वभाव नदेखाए त्यो बाघ नै होइन। राजाको स्वभाव नदेखाउने त्यो राजा नै होइन। १०४ वर्षदेखि राणाको बन्धन अनि त्योभन्दा पहिले थापा, पाँडेहरुको घेराउमा रहेको राजपरिवार लामो समयको अन्तरालपछि स्वतन्त्र भएको थियो र दन्त्यकथाको राजाबाट साँच्चै राजा भएको थियो। जन्मजात सत्ता कब्जा गर्ने अधिकार पाएको राजाले किन निर्वाचन गर्ने ? किन जनताको सत्ता जनतालाई फिर्ता गर्ने ? गरिएन। त्यही धङधङीमा रहँदा राजतन्त्रले बिदा लियो।

२००७ सालको सन्देशले दिने महत्त्वपूर्ण ऊर्जा हो- यदि प्रजातन्त्रमा कुनै खिया लाग्न आँटेमा वा कसैले खिया लगाएर भुत्ते बनाउँदै संसदीय व्यवस्थाविरुद्ध धावा बोलेमा जनताले फेरि आफूलाई जागृत बनाउने छन्। जनताको शासन गर्ने अधिकार जनताका प्रतिनिधिहरुलाई मात्र छ। जनताको अहिलेको अव्यवस्थामा परिवर्तन आएन र प्रजातन्त्रलाई बदनाम गर्दै प्रजातन्त्रको नाममा फोहोरी खेल भइरहेर फेरि उठ्नुपऱ्यो भने मुलुकले अचिन्त्य रूपान्तरणको परिवर्तन ल्याउने छ।

सत्ता कब्जाको दुर्नियतले इतिहासमा हिटलर जन्मेको थियो। जर्मनीमा सबैभन्दा राम्रो मानिएको वाइमर संविधानको कार्यान्वयनसँगै। त्यसैले संविधान कति उदारभन्दा पनि कार्यान्वयन गर्ने हृदय कति उदार, कति प्रजातान्त्रिक भन्ने हेरिँदो रहेछ।

एउटा सौभाग्य नै हो, अझैँ नेपालमा प्रजातन्त्रका पक्षमा जनता जस्तोसुकै दुःख झेल्न तयार छन्। जस्तोसुकै त्याग गर्न पनि तयार छन्। नेपालको सार्वभौमिकता नेताहरुले भनेजस्तो न त कमजोर छ, न त मानव अधिकारको पक्षमा लाग्ने नेपालीको कुनै साहसमा कमी नै आएको छ।

प्रजातन्त्रिक चेतनालाई वाणीविहीनहरुको कमजोरी नठानियोस् र इतिहासमा देखिएका गल्ती दोहोऱ्याउने काम नगरियोस्। जब वाणीविहीनहरु बोल्नेछन्, त्यो गगनभेदी अट्टहासले नयाँ युगको सूत्रपात गर्नेछ। प्रजातन्त्र भनेको नै एउटा जनताको पक्षको संस्कार हो जुन जनताका पक्षमा मात्र सदैव संस्कारित भएको हुन्छ।

प्रजातन्त्र भनौँ या लोकतन्त्र पक्कै पनि लोकको जीवन सहजीकरण गर्नका लागि र जनताले प्रत्यक्ष रूपमा सरकारका काममा सहभागिता जनाएको महसुस गर्नका लागि बनेको शासन प्रणाली हो, जसको ढोका नेपालमा फागुन ७ ले खोलेको थियो त्यसलाई ढप्क्याउने काम नगरियोस् भन्नलाई पनि प्रजातन्त्रको सदुपयोग गरिरहनु परेको छ।

# नेप्से परिसूचकमा लगातार दोहोरो अङ्कको वृद्धि



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा लगातार दोहोरो अङ्कको वृद्धि देखिएको छ। आइतबार १९ दशमलव ५६ र सोमबार २९ दशमलव ८७ अङ्कले बढेको नेप्से परिसूचक मंगलबार ११ दशमलव ९१ अङ्कले बढेको हो।

शून्य दशमलव ४३ प्रतिशतको वृद्धिपछि नेप्से परिसूचक दुई हजार ७३९ दशमलव ८२ को विन्दुमा कायम भएको छ। ३१४ कम्पनीको एक करोड ८२ लाख ३० हजार ३०२ कित्ता शेयर ९९ हजार ५८५ पटक खरिदबिक्री हुँदा रु १० अर्ब ४३ करोड ७० लाख छ हजार २१४ बराबरको कारोबार भएको छ। आजको कारोबारमा बैङ्किङ शून्य दशमलव २२, लगानी एक दशमलव २४, जीवन बिमा एक दशमलव ७४, निर्जीवन बिमा शून्य दशमलव ३०, व्यापार शून्य दशमलव ४१ र अन्य समूह तीन दशमलव ६७ प्रतिशतले बढेको छ। अरू सबै समूहको उपसूचक घटेको छ।

विकास बैङ्क एक दशमलव ७४, वित्त एक दशमलव ५०, होटेल तथा पर्यटन एक दशमलव ०४, जलविद्युत् शून्य दशमलव १३, उत्पादन तथा प्रशोधन शून्य दशमलव ०६, लघुवित्त शून्य दशमलव ७९ र म्युचुअल फन्ड शून्य दशमलव ०५ प्रतिशतले घटेको छ। वीन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड, इमर्जिङ नेपाल लिमिटेड र गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

त्यस्तै, सप्तकोशी डेभलपमेन्ट लिमिटेड र कुमारी डिभेन्चर-२०८६ को शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ। कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा हिमालयन रिइन्स्योरेन्स लिमिटेड अगाडि देखिएको छ। यो कम्पनीको रु ८२ करोड दुई लाख ३६ हजार ९१० बराबरको आठ लाख ९३ हजार ८५ कित्ता शेयर किनबेच भएको छ।

# 'पानी नपरी' वायुप्रदूषण हट्ने सम्भावना न्यून, सतर्कता अपनाउन आग्रह

नेपालका विभिन्न क्षेत्रमा पछिल्ला केही दिनदेखि वायुप्रदूषण बढेको देखिएको भन्दै अधिकारी तथा चिकित्सकहरूले सतर्कता अपनाउन आग्रह गरेका छन्।

बढेको वायु प्रदूषणले मानव स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने भन्दै उनीहरूले सर्वसाधारणलाई सावधान हुन आग्रह गरेका हुन्।

वातावरण मामिला हेर्ने अधिकारीहरूका अनुसार पछिल्ला साताहरूमा बढ्दै गएको वायुप्रदूषण



'वर्षा नभइ वा ठूलो हुरी नचले' सम्म कम हुने देखिएको छैन।

मौसमविद्हरूका अनुसार नेपालमा 'तत्काल पानी पार्ने खालको ठूलो प्रणाली विकास हुने सम्भावना' न्यून देखिएको छ।

वातावरण विभागको वातावरण प्रदूषण, नियन्त्रण तथा नियमन शाखाका प्रमुख तथा सूचना अधिकारी दीपक ज्ञवाली यसपालिको हिउँदमा पानी नपर्नु वायुप्रदूषणको मुख्य कारण देखिएको बताउँछन्।

'पानी परेको छैन। डढेलो लाग्न थालेका छन्। दक्षिणतिरबाट पनि प्रदूषित वायु आइरहेको देखिएको छ, हामीले वायुप्रदूषण घटाउने उपायहरू गर्न सकेका छैनौँ त्यस्तो अवस्थामा पानी नपर्ने र ठूलो हुरी नचल्ने हुँदा प्रदूषण बढेको बढेकै छ।'-उनले भने।



**प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा दीप प्रज्ज्वलनः**
प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा मंगलबार जिल्ला प्रशासन कार्यालय कपिलवस्तु परिसरमा गरिएको दीप प्रज्ज्वलन। *तस्विरः बसन्त बन्जाडे/रासस*

# नसर्ने रोगको न्यूनीकरणको लागि एक महिने अभियान



**कृष्ण पोखरेल**
*पाल्पा*

स्वास्थ्य कार्यालय पाल्पाले नसर्ने रोगहरुको अवस्था पहिचान र निदानका विषयमा एक महिने अभियान सञ्चालन गरेको छ। कार्यालयले सरोकारवाल पक्षसँग अन्तरक्रिया गरी परीक्षणको कामलाई तिव्रता दिएको छ। नसर्ने रोग न्यूनीकरणको लागि संघीय स्वास्थ्य मन्त्रालयले ७७ वटै जिल्ला र ७५३ वटा पालिकाहरुमा फागुन १ गते मसान्तसम्म एक महिने जनचेतना, खोज अनुसन्धान रोग परीक्षण पहिचानतथा उपचारका कार्यक्रमहरु सञ्चालन गरेको छ। नसर्ने रोगको न्यूनीकरणको लागि मधुमेह, उच्च रक्तचाप, मृगौला, शरीरको तौल मापनको अवस्था पत्ता लगाउन सरकारी स्वास्थ्य निःशुल्क परीक्षणको व्यवस्था गरिएको स्वास्थ्य कार्यालय पाल्पाले जनाएको छ।

नसर्ने रोगहरुलाई न्यूनीकरण गर्न स्वस्थकर खानपान र नियमित व्यायाम तथा तनाव व्यवस्थापनमा ध्यान दिनुपर्नेमा सहभागीहरुले जोड दिए। जिल्ला स्वास्थ्य कार्यालय पाल्पाले नियमित व्यायामको लागि नमूनाको रुपमा तानसेन, रामपुर र पूर्वखोलामा खुला व्यायाम संचालनमा ल्याएको छ। जिल्लामा पहिलो चरणमा ८० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक र क र ख वर्गका अपांग व्यक्तिहरुको घर घरमा पुगी निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम गरेको छ।

पाल्पामा प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले ४० वर्षमाथिका व्यक्तिहरुलाई सुगर प्रेसरको निःशुल्क चेकजाँच, ३० वर्ष माथिका महिलाहरुलाई पाठेघर मुखको निःशुल्क परीक्षण, दम रोगको निःशुल्क परीक्षण तथा उपचार कार्यक्रम सञ्चालन गरेको छ।

यसैगरी जिल्ला स्वास्थ्य कार्यालयबाट विभिन्न वर्गको मुटु, मृगौला र क्यान्सर उपचारको लागि २ लाख रुपैयाँ र अन्य १० प्रकारका नसर्ने रोगको उपचारका लागि एक रुपैयाँ सहयोग प्रदान गर्दै आएको जिल्ला स्वास्थ्य कार्यालय पाल्पाका निमित्त प्रमुख टुकप्रसाद पोखरेलले जानकारी दिए।

प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले अहिले सर्ने रोगभन्दा नसर्ने रोगका बिरामीहरु बढ्दै गएकोले नसर्ने रोगहरुको जनचेतना अभियानलाई प्रभावकारी रुपमा सञ्चालनको लागि स्वास्थ्य कार्यालय, जिल्लाका अस्पताल, स्वास्थ्यचौकी तथा पालिकाहरुसँग समन्वयको काम गर्दै आएको बताए।

समय समयमा छड्के चेकदेखि कार्यालय प्रमुखहरुको नियमित बैठक, पालिका प्रमुखहरुको बैठकहरुमा स्वास्थ्य अवस्था र समस्याकाबारेमा कुराहरु उठाउँदै आएको प्रजिअ सुवेदीले बताए। प्रजातन्त्र दिवसको दिन फागुन ७ गते बिहान ८ बजे दरबार परिसमा सबैको निःशुल्क रुपमा सुगर परीक्षण, ब्लड प्रेसर जाँच गरिने कार्यक्रम रहेको प्रजिअ सुवेदीले जानकारी दिए।

कार्यक्रममा जिल्ला अस्पताल पाल्पाका मेडिकल अधिकृत विवेक पौडेलले अहिले जिल्ला अस्पतालमा सबै किसिमका परीक्षण तथा ल्याव सेवादेखि धेरैजसो रोगहरुको उपचारको व्यवस्था रहेको बताए। जिल्ला अस्पतालले कमभन्दा कम रिफर गर्ने गरी गुणस्तरीय उपचारमा ध्यान दिएको डा. पौडेलले जोड दिए।

नसर्ने रोग निकै आक्रामाक तरिकाले वृद्धि भएकोले समयमै परीक्षण गरेर ज्यान र धन जोगाउन सकिने डा. पौडेलले बताए।

पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले नसर्ने रोगको जनचेतना फैलाउन तालिका नै बनाएर काम गर्नुपर्ने, सरोकार निकायसँग अन्तरक्रिया गर्ने, समय समयमा नमूना परीक्षण कार्यक्रमहरु बढाउनु पर्ने पत्रकारसँग अन्तरक्रिया नियमित रुपमा गर्नुपर्नेमा जोड दिए। कार्यक्रम पत्रकार नारायण न्यौपानेको सहजीकरणमा भएको थियो।

# जलवायु परिवर्तनले प्राकृतिक सम्पती जोखिममाः मन्त्री पाण्डे



**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

संस्कृति, पर्यटन तथा नागरिक उड्यनमन्त्री बद्रीप्रसाद पाण्डेले जलवायु परिवर्तनले हाम्रा प्राकृतिक सम्पती जोखिममा रहेको बताएका छन्।

स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-१ जलबराह धार्मिक वनमा निर्माण भएको नेपालकै पहिलो नवग्रह मन्दिरको अनुष्ठान, गिता ज्ञान महायज्ञ तथा धार्मिक महोत्सवको उद्घाटन गर्दै संस्कृति मन्त्री पाण्डेले प्राकृतिक सन्तुलन नमिल्दा हाम्रा सम्पति जोखिममा परेको बताएका हुन्। 'अहिले ब्रहमाण्डले सन्तुलन खोजिरहेको छ,' उनले भने-'पृथ्वीले सन्तुलन खोजीरहेको छ, हिमालले सन्तुलन खोजी रहेको छ, वायु, ताप लगायतले सन्तुलन खोजीरहेका छन्, वायु प्रदूषणको प्रभाव विश्वभरी फैलिएको छ यसको प्रभाव नेपालमा पनि परेको छ यसलाई सन्तुलनमा ल्याउनुपर्छ।' मानव सभ्यता र जलवायु सन्तुलन बचाउन यो नवग्रह मन्दिरले महत्वपुर्ण भूमिका खेल्ने मन्त्री पाण्डेले बताए।

पृथ्वीमा प्राकृतिक सन्तुलन नमिल्दा ब्रहमाण्डको सन्तुलन, धार्मिक सन्तुलन गुम्दै गरेको बताउँदै मन्त्री पाण्डेले बायुमण्डलीय प्रदूषण बढ्दा हिमालहरु काला हुन थालेकोले प्राकृति बचाउन नसके पुरै विश्वमा खतरा बढ्ने बताए। सानो भुगोल भएको हाम्रो देशमा धेरै विविधता रहेको उल्लेख गर्दै मन्त्री पाण्डेले बायुमण्डलले सन्तुलन गुमाउँदा हाम्रा सम्पदाहरु पनि खतरामा परेको बताए। 'विश्वका मान्छेलाई नेपालको विविधता हेर्न ल्याउनुपर्ने छ,' मन्त्री पाण्डेले भने-'धर्म, जात र भाषालाई विश्वास र सम्मान गर्ने देशको रुपमा नेपाललाई परिचित गराउनुपर्छ। हाम्रा संस्कार र संस्कृतिलाई बचाई राख्न यस्ता नयाँ आयमहरुको खोजी गर्नुपर्छ।'

स्याङ्जामा निर्माण भएको नवग्रहले आलमदेवीदेखि मुक्तिनाथ जस्ता धार्मिक स्थललाई जोडनुपर्ने बताउँदै मन्त्री पाण्डेले अब हजारौं धार्मिक दर्शनार्थी भित्राउनुपर्ने बताए। जल, जमिन, जडीबुटी, वनलगायतका प्राकृतिक हिसाबले नेपाल धनी रहेकाले यसलाई जोगाइराख्ने चुनौती हामीसँग रहेको बताए। मुलुकको आर्थिक चलायमान बनाउन पनि यस्ता धार्मिक स्थलहरुले महत्वपूर्ण भूमिका खेल्ने मन्त्री पाण्डेले बताए। १४४ वर्षमा आएको महाकुम्भको समयमा महाशिवरात्रिको अवसर पारेर अर्जुनचौपारी गाउँपालिकाले नवग्रह मन्दिरको प्राण प्रतिष्ठा तथा अनुष्ठान र धार्मिक महोत्सव आयोजना गरेको हो।

कार्यक्रममा संघीय सांसद राजु थापाले स्याङ्जाको विकासका लागि सिद्धार्थ राजमार्गको स्तरोन्नती आवश्यक रहेको बताए। राजमार्गको स्तरोन्नतीसँगै यस्ता धार्मिक स्थलहरुमा पर्यटकहरु आउन सहज हुने सांसद थापाको भनाइ थियो। गण्डकी प्रदेश सांसद कल्पना तिवारी, गाउँपालिका अध्यक्ष प्रकाश तिवारी, उपाध्यक्ष सपना गुरुङलगायतका वक्ताहरुले धार्मिक महत्व बोकेका मन्दिरहरुको स्थापनाले जिल्लाको पर्यटन विकास र आर्थिक विकासमा टेवा पुग्ने बताएका थिए। अर्जुनचौपारीमा आजदेखि सुरु भएको धार्मिक महोत्सव फागुन १४ गतेसम्म सञ्चालन हुनेछ। ९ दिनसम्म चल्ने धार्मिक महोत्सवमा नेपाल र भारतका धार्मिक गुरुहरुले प्रवचन दिने कार्यक्रम रहेको आयोजकले जनाएका छन्।

१५७ रोपनी क्षेत्रफलमा फैलिएको यस धार्मिक वनमा नवभुज आकारको आकाशतर्फ फर्केको २७ फिट अग्लो नवग्रह मन्दिर निर्माण गरिएको छ। पिलरको १४ फिटमा सूर्य, शुक्र, केतु, चन्द्र, मङ्गल, बुध, शनि, वृहस्पती र राहुका प्रतीक राखिएको छ भने पिलरको नौ वटा भुजामा ग्रहअनुसारका रङ लगाइएको छ। नवग्रह मन्दिरसँगै षट्कोण शिवालय बनाइएको छ। षट्कोण शिवालयको बिचमा पशुपतिनाथको जस्तै पञ्चमुखी शिवलिङ्ग र कोणमा गणेश, कुलदेवता, लक्ष्मी, कालभैरव, हनुमानको मूर्ति राखिएको छ। सबै देवी देवतालाई समेटेर निर्माण गरिएको नवग्रह मन्दिर पालिकाको धार्मिक पर्यटकीय क्षेत्रको हवका रुपमा परिचित हुने विश्वास लिइएको छ।

यसैबिच संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्री बद्री पाण्डेले स्याङ्जाको पुतलीबजारमा आयोजना गरिएको सातौ स्याङ्जा महोत्सवको समेत उद्घाटन गरेका छन्। स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघले आयोजना गरेको सातौ महोत्सवको उद्घाटन गर्दै मन्त्री पाण्डेले यस्ता मेला महोत्सव आर्थिक चलायमानका सूचक रहेको बताएका थिए। महोत्सव फागुन ६ गतेदेखि फागुन १८ गतेसम्म चल्ने छ।

# वन्यजन्तुबाट क्षति व्यहोरेका ३७ परिवारलाई राहत वितरण




जानकी (बाँके)। जिल्लामा वन्यजन्तुबाट मानवीय तथा पशुधनको क्षति व्यहोरेका ३७ परिवारलाई राहत प्रदान गरिएको छ। लुम्बिनी प्रदेश सरकारले उपलब्ध गराएको रकम जिल्लाको एउटा नगरपालिका र तीन वटा गाउँपालिकाका ३७ परिवारलाई राहतस्वरुप प्रदान गरिएको हो।

राप्तीसोनारी गाउँपालिकामा ३३ परिवार, खजुरा गाउँपालिकाका एक, बैजनाथका एक र कोहलपुर नगरपालिकाका दुई परिवारलाई क्षतिपूर्ति वितरण गरिएको डिभिजन वन कार्यालयले जनाएको छ। कार्यालयका सिनियर वन डिभिजनल अधिकृत शङ्करप्रसाद गुप्ताले दुई वर्षको अवधिमा वन्यजन्तुबाट मानवीय तथा पशुधनको क्षति भएका ३७ परिवारलाई राहत वितरण गरिएको जानकारी दिए।

उनका अनुसार ३६ पशुधन पीडितलाई रु नौ लाख १२ हजार पाँच सय र एक मानवीय पीडितलाई रु १० लाख गरी रु १९ लाख १२ हजार पाँच सय क्षतिपूर्ति वितरण गरिएको हो। राहत वितरणमा लुम्बिनी प्रदेशका वन तथा वातावरणमन्त्री देवकरणप्रसाद कलवार, वन सचिव मोहनराज काफ्ले र राप्तीसोनारी तथा खजुरा गाउँपालिका अध्यक्षलगायतको उपस्थिति थियो। पदाधिकारीहरूले मृतक परिवारलाई राहत हस्तान्तरण गर्दै आगामी दिनमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए।

यसअघि निकुञ्जमार्फत सङ्घीय सरकारले राहत उपलब्ध गराउँदै आएकामा वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० बनेपछि प्रदेश सरकारले डिभिजन वन कार्यालयमार्फत राहत उपलब्ध गराउन थालेको हो। क्षतिपूर्ति रकमलाई भने दोब्बरसम्म वृद्धि गरेको छ। निर्देशिका अनुसार भैँसी, राँगो वा गोरु, उन्नत जातको गाई, घरपालुवा चौँरी, घोडा र खच्चडको मृत्यु भएमा मूल्याङ्कनका आधारमा अधिकतम प्रतिपशु रु ६० हजारसम्म दिइने व्यवस्था छ।

यसअघि यो रकम अधिकतम रु ३० हजारसम्म थियो। अन्य पशुको हकमा त्यसको प्रकार र मूल्याङ्कनका आधारमा प्रतिपशु रु १० हजारसम्म दिने प्रावधान छ। माछा र कुखुरा पालकलेसमेत वर्षको एकपटकका लागि क्षतिको राहतका लागि दाबी गर्नसक्ने व्यवस्था छ। यस्ता कृषकलाई क्षतिको मूल्याङ्कनका आधारमा बढीमा रु १० हजारसम्म उपलब्ध गराइने निर्देशिकामा उल्लेख छ।

# ९४ अंकसहित अर्घाखाँची अस्पताल लुम्बिनी प्रदेशकै दोस्रो




**लक्ष्मण घिमिरे**
*अर्घाखाँची*

उत्कृष्ट कार्य सम्पादन गरेपछी अर्घाखाँची अस्पताल लुम्बिनी प्रदेशकै दोस्रो स्थान प्राप्त गर्न सफल भएको छ।

न्युनतम सेवा मापदण्ड कार्यन्वयन कार्यक्रम (एमएसएस) अन्तर्गत अर्घाखाँची अस्पतालको अनुगमन मुल्यांकन तथा समीक्षा गर्न प्रदेशबाट आएको विज्ञहरूको टोलिले अस्पताल प्रदेशमै दोश्रो स्थान प्राप्त गरेको घोषणा गरेको छ।

प्रदेशका १३ अस्पताल अनुगमन मूल्यांकन गर्दा अर्घाखाँची अस्पतालले ९४ अङ्क प्राप्त गरेको छ भने मुल्यांकनमा बर्दिया अस्पताल ९७ अङ्क प्राप्त गरि पहिलो स्थानमा छ। कार्यक्रम लुम्बिनी प्रदेश, स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयको आयोजनामा भएको कार्यक्रममा प्रदेशका पदाधिकारी, जिल्ला समन्वय समिति प्रमुख जीवनारायण कोइराला, सन्धिखर्क नगरपालिका प्रमुख कृष्णप्रसाद श्रेष्ठलगायतले उत्कृष्ट कार्य सम्पादन गरी अस्पतालको गरिमालाई उचाइमा पुऱ्याएको भन्दै अस्पताल परिवारलाई धन्यवाद दिएका थिए।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. जगन्नाथ तिवारी तथा सम्पूर्ण स्वास्थ्यकर्मीलाई सेवा प्रवाहमा चुस्ततासंगै मुस्कानसहितको सेवा प्रदान गर्न आग्रह गरिएको छ।

अस्पताल प्रमुख डा.जगन्नाथ तिवारीले अस्पतालले ५० शैयाको मान्यता पाए पनि १५ शैयाकै शैलीमा चलिरहेको गुनासो गरे। भौतिक संरचना निर्माण र दक्ष स्वास्थ्यकर्मिको व्यवस्थापनमा ध्यान दिनुपर्ने उनको भनाइ थियो।

## नागरिकको...

प्रजातन्त्र आजको शासन पद्धतिमा उच्चतम पद्धति हुनुपर्ने शाहले बताए। प्रजातन्त्रमा सबैको पहिचान र अस्तित्व हुनुपर्ने उनले बताए।

'पक्ष विपक्षको अहंकार आ-आफ्नै खालको स्वार्थ तथा हठले पनि प्रजातन्त्रलाई गतिशील बनाउन सक्दैन, निषेधको दृष्टिकोण राख्ने राजनीतिले प्रजातन्त्रलाई बलियो बनाउँदैन,' शाहले भिडियो वक्तव्यमा भनेका छन्-'पक्ष विपक्षको अहंकार आ आफ्नै खालको स्वार्थ तथा हठले पनि प्रजातन्त्रलाई गतिशील बनाउन सक्दैन।'

देशको इतिहास मेटिँदै गएको अनुभूति पूर्व राजा शाहले गरेका छन्। नेपालीको पसिना स्वदेशमा नभई बाहिर पोखिएको शाहले बताए। 'जन्मदै नेपालीको शिरमा हजारको होइन, लाखको ऋणभार बोझ छ।'- शाहले भने। विद्यार्थी र शिक्षक पातलिँदै गएको र व्यवसाय, व्यापार निरन्तर धरासायी भएको शाहको बुझाइ छ।

## चौतर्फी...

दास नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) हुन् भने अधिकारी राष्ट्रिय अनुसन्धान विभाग (राअवि) का सहअनुसन्धान निर्देशक हुन्।

भारतका लागि नेपाली राजदूत शंकर शर्माका अनुसार, टोलीले विद्यार्थी, कलेज प्रशासन र प्रहरीसँग छुट्टाछुट्टै भेट गरेर स्थितिबारे जानकारी लिनेछ र आवश्यक समन्वय समेत गर्ने छ। कुटपिटमा संलग्न दुई सुरक्षागार्डलाई प्रहरीले पक्राउ गरिसकेको छ भने कलेजका कर्मचारीहरु पनि बर्खास्तीमा परेका छन्। विद्यार्थीले अपशब्द प्रयोग गरेर गालीगलौज गर्ने प्राध्यापकहरुले अहिले माफी माग्दै भिडिओ राखिरहेका छन्।

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# रोहिणी घटनाको अनुसन्धान गर्दै सीडीओ





बुटवल। रुपन्देहीको रोहिणी गाउँपालिकामा जनप्रतिनिधि र कर्मचारीबिच उत्पन्न विवाद हात हालाहालसम्म पुगेपछि कर्मचारीले कामकाज ठप्प पारेका छन् । सोमबार गाउँ कार्यपालिका बैठकमा शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख मधुप्रसाद घिमिरे र वडा नं. २ का वडाध्यक्ष करम हुसेन खानबिच शिक्षा समिति पुनर्गठनका विषयमा मतभेद र विवाद भएको थियो।

सोही विषयमा बोल्ने क्रममा शिक्षा शाखा प्रमुख घिमिरे आक्रोशित भएर वडाध्यक्ष खानमाथि पानीको बोत्तलले हिर्काउन खोजेपछि वडाध्यक्षले प्रतिकार गर्दा सामान्य हातपात भएको खान पक्षधरको दाबी छ । उता गाउँपालिका अध्यक्ष विद्याप्रसाद यादव र कर्मचारीहरुले वडाध्यक्षले घिमिरेमाथि हातपात गरेको आरोप लगाएका छन्।

वडा नं. १ का अध्यक्ष आविद अली खानले भने विवाद र झडपको स्थिति शिक्षा शाखा प्रमुख घिमिरेले नै उत्पन्न गरेको दाबी गरे।

'पाँच महिनादेखि कार्यपालिका बैठक भएको थिएन, हामीले बैठक राख्न माग गर्दै आएका थियौं, कार्यविधिमै तीन वर्ष अवधि भएको शिक्षा समितिलाई २ वर्षमै एकलौटी ढंगले पुनर्गठन गर्नु गलत हो भन्ने आवाज पनि उठाएका थियौं,' खानले भने-'बैठकमा पनि शिक्षा समिति पुनर्गठन नियम विपरीत भएको कुरा उठेको थियो, यसैमा शिक्षा शाखा प्रमुख घिमिरे आक्रोशित भएर पानीको बोत्तलले हिर्काउन खोजेपछि वडाध्यक्षले प्रतिवाद गर्दा सामान्य हात हालाहाल भएको हो।'

सुरुमा कसले हात हाल्न खोजेको हो भन्ने यथार्थ थाहा पाउन सीसीटिभी हेर्न सकिने उनले बताए।

शिक्षा शाखा प्रमुख घिमिरेले भने वडाअध्यक्षले आफू बोल्ने क्रममा आक्रमणमा उत्रिएको, तर आफूलाई कुनै चोट नलागेको बताए । उनले वडाध्यक्ष खानले विगतमा पनि आफूलाई कार्यालय नआउन धम्की दिँदै आएमा कुर्सी जलाइदिने भनेको बताए। घटनाको विरोध र वडाध्यक्षमाथि कारबाही नभएसम्म कर्मचारीहरुले अत्यावश्यक बाहेकका कामकाज ठप्प पारेको र यसमा कर्मचारी संगठनहरुले ऐक्यबद्धता जनाएको घिमिरेले बताए।

वडा नं.२ का वडाध्यक्ष खानले भने शाखा प्रमुख घिमिरेकै कारण गाउँपालिकाको शिक्षाको स्तर रुपन्देहीका १६ पालिकामध्ये सबैभन्दा पुछारमा रहेको आरोप लगाए । उनले कार्यविधि विपरीत पुनर्गठन गरिएको शिक्षा समिति र शिक्षाको बजेटमा अनियमितता भएको आरोप लगाउँदै छानवीन हुनुपर्ने र घिमिरेको सरुवा हुनुपर्ने बहुमत कार्यपालिका सदस्यको माग रहेको बताए । घिमिरेको सरुवा नभएसम्मका लागि शिक्षा शाखामा आफूहरुले तालाबन्दी गरेको समेत उनले बताए।

वडाध्यक्ष खान पक्षका बहुमत जनप्रतिनिधिहरुले जिल्ला समन्वय समिति, प्रमुख जिल्ला अधिकारी र रुपन्देही प्रहरी प्रमुखलाई घटनाको छानवीन गर्न माग गर्द ज्ञापनपत्र बुझाएका छन् । जनता समाजवादी पार्टी नेपालबाट निर्वाचित पालिका अध्यक्ष यादव कार्यपालिकामा अल्पमतमा छन्।

रुपन्देहीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले दुबै पक्षका कुरा सुन्ने र घटनाबारे अनुसन्धान भइरहेको बताए।

# न्यू होराइजनमा वृहत् पुरस्कार वितरण र सम्मान



बुटवल। विभिन्न प्रतियोगितामा प्रथमसहित उपाधि विजेता टिम र खेलाडीलाई न्यू होराइजन अंग्रेजी आवासीय मावि बुटवल र न्यू होराइजन स्पोर्टस् क्लबले संयुक्तरुपमा वृहत् पुरस्कार वितरणसहित सम्मान गरेका छन्।

शैक्षिक सत्र २०८०/०८१ को पुस र माघ महिनामा विभिन्न संस्थाले आयोजना गरेका करिब दुई दर्जन जिल्लास्तरीय प्रतियोगिता विजेतालाई न्यू होराइजन माविको विद्यालय प्रांगण देवीनगरमा एक कार्यक्रमबिच सम्मान र बधाई ज्ञापन गरिएको हो।

कार्यक्रममा दशौँ जिल्लास्तरीय अन्तर मा.वि. एभरेष्ट कप छात्रा भलिबल प्रतियोगितामा प्रथम, आइएसएमटी अन्तरविद्यालय जिल्लास्तरीय फुटसल प्रतियोगितामाप्रथम, अन्तरविद्यालयजिल्लास्तरीय विभिन्न हाजिरीजवाफ प्रतियोगितामा प्रथम र चौथो ज्ञानगंगा यू १६ रनिङ्ग शिल्ड अन्तरविद्यालय जिल्लास्तरीय डबल छात्र ब्याडमिन्टन प्रतियोगितामा प्रथम रातो टिमलाई सम्मान गरिएको हो । यस्तै प्रथम न्यू होराइजन जिल्लास्तरीय अन्तर मा.वि. छात्रा भलिबल प्रतियोगितामामा द्वितीय, छैठौं बुटवल उप-महानगरपालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड भलिबल प्रतियोगितामा समग्रमा द्वितीय (स्वर्ण पदक - १०, कास्य पदक - ४ र कास्य पदक - ३ ) तथा चौथो ज्ञानगंगा यू १६ रनिङ्ग शिल्ड अन्तरविद्यालय जिल्लास्तरीय डबल छात्र ब्याडमिन्टन प्रतियोगितामा दोस्रो भएको नीलो टिम र गौतम बुद्ध अन्तर्राष्ट्रिय कराँते प्रतियोगितामा विभिन्न स्थान प्राप्त गरेका खेलाडीलाई सम्मान गरिएको हो।

सो अवसरमा विभिन्न विधाका खेल प्रशिक्षक तथा इञ्चार्जहरुलाई समेत सम्मान गरिएको थियो।

जसमा न्यू होराइजन स्पोर्टस् क्लबका अध्यक्ष चेतनबहादुर उचै ठकुरी, ब्याडमिन्टनका मिलन राना, भलिबलका उदयबम मल्ल र नरेन्द्र सारु, कबड्डीका महेन्द्रबहादुर सुनार, टेबलटेनिसका राजेन्द्र श्रेष्ठ, कराँतेका उमेश थापा र प्रेम राना, फुटबलका सुरज थापा र अनुज गैरे, एभलेटिक्सका गोबिद चौधरी, बास्केटबलका मनोज गुरुङ र खुशी खाँण, क्वीज मास्टर पशुपति अर्याल, लोकदोहोरीका कल्पना कुसुम र गणेश भण्डारी, अतिरिक्त क्रियाकलाप प्रमुख बालकृष्ण बस्याललाई सम्मान गरिएको थियो।

खेलाडी विद्यार्थी र प्रशिक्षकहरुलाई न्यू होराइजन संस्थाका प्राचार्य लोकनाथ उपाध्याय, उप-प्राचार्यहरु बालकृष्ण भण्डारी, बासुदेव अर्याल, शिक्षक विष्णुप्रसाद बस्याल, कक्षा ८ देखि १२ सम्मका कक्षा संयोजकलगायतले विद्यार्थीलाई पुरस्कार वितरण गरेका हुन्।

सो अवसरमा बोल्दै प्राचार्य उपाध्यायले न्यू होराइजनले विद्यार्थीलाई शैक्षिक गुणस्तरसँगै खेलकुद र अतिरिक्त क्रियाकलापमा समेत अब्बल र उत्कृष्ट बनाउन १७ विधाका खेल र अन्य विधाका प्रशिक्षक राखेर ठूलो लगानी गरेकाले यो उपलब्धि हासिल भएको बताए।

## प्रधानमन्त्री कप लुम्बिनी प्रदेशस्तरीय छनोटः

# दाङद्वारा बर्दिया पराजित




भैरहवा । दाङले प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि लुम्बिनी प्रदेशस्तरीय छनोट खेलमा जित निकालेको छ। मंगलबार भएको खेलमा दाङले बर्दियालाई ५४ रनले पराजित गर्दै जित निकालेको हो।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा टस हारेर ब्याटिङ गरेको दाङले निर्धारित ५० ओभरमा ३२ ओभर खेल्दै सबै विकेट गुमाएर १ सय १६ रन बनायो। दाङका लागि करण जीएमले २३ र सुशान्तसिंह थापाले २२ रन बनाए। बलिङमा बर्दियाका सनम बुढा र अनुल कँडेलले ३-३, नितेश न्यौपानेले २ तथा सौगात खत्री र निर्मल गुरुङले १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको बर्दिया २५ ओभर ५ बलमा ६२ रन बनाउँदा अलआउट भयो। उसका लागि केशव विष्टले १३ र हेमन्त आचार्यले १० रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन् र टिमले हार व्यहोर्यो।

बलिङमा दाङका वीरबहादुर घर्ती, दिनेश बोहरा र तुलबहादुर थापाले समान ३-३ विकेट लिए। खेलमा दाङका तुलबहादुर थापा प्लेयर अफ द म्याच भए।

यही फागुन २५ देखि भैरहवाको सिद्धार्थ रंगशाला, तिलोत्तमाको एक्स्ट्राटेक र लमही राष्ट्रिय क्रिकेट मैदानमा प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता हुँदैछ। उक्त प्रतियोगिताका लागि लुम्बिनी प्रदेशस्तरीय टिम छनोटका लागि जिल्लास्तरको छनोट खेल सुरु भएको हो। रुपन्देही, पश्चिम नवलपरासी, कपिलवस्तु, पाल्पा, दाङ, बाँके र बर्दिया गरी ७ जिल्लाका टिम सहभागी छनोट खेलबाट प्रत्येक जिल्लाका उत्कृष्ट खेलाडी छनोट गरी लुम्बिनी प्रदेशको एउटा टिम बनाइने प्रादेशिक क्रिकेट संघ लुम्बिनी प्रदेशका अध्यक्ष संजय गुरुङले जानकारी दिए।

# रामग्राममा खाना महोत्सवको तयारी




परासी। पश्चिम नवलपरासीमा दुई दिने रामग्राम खाना महोत्सव ( फुट फेष्टिभल ) हुने भएको छ।

नेपाल आदिवासी जानजाति महांसघ नगर समिति नवलपरासीको आयोजना तथा रामग्राम नगरपालिको सहयोगमा दुई दिने रामग्राम खाना महोत्सव ( फुट फेष्टिभल ) सञ्चालन हुने भएको हो।

रामग्रामको वडा नं. ५ स्थित रहेको घण्टा घरमा यही फागुन १२ देखि १३ गते सम्म रामग्राम खाना महोत्सव ( फुट फेष्टिभल ) सञ्चालन गर्न लागिएको आदिवासी जानजाति महांसघ नगर समिति नवलपरासीका अध्यक्ष भवानी शंकर चौधरीले जानकारी दिए । घण्टाघर चोकदेखि पाइपास रोडसम्म करिव १ सय खाना सम्बन्धी स्टल रहने गरी दुई दिवसीय खाना महोत्सव हुने भएको हो ।

महोत्सवमा मौलीकता झल्कने गरी खानाको परिकार साथै विभिन्न भेषभुषा प्रदशनी गर्ने गरी स्टलहरुको व्यवस्थापन गरिने मुल समारोह व्यवस्थापन समितिका संयोजक अवीनाश रेश्मीले जानकारी दिए ।

महोत्सवले विभिन्न समुदायको पहिचान झल्काउने मुल आयोजक समितिका संयोजक अशोक श्रेष्ठले बताए

सबै खानासम्बन्धी स्टलहरुलाई निःशुल्क उपलब्ध गराइने महोत्सवमा मुख्य आर्थिक सहयोगीको रुपमा रामग्राम नगरपालिका रहेको छ ।

उक्त महोत्सवमा ईन्दीरा जोशी, प्रमोद अग्रहरिलगायतका कलाकारहरुको प्रस्तुति रहने अध्यक्ष भवानी शंकर चौधरीले जानकारी दिए । महोत्सवमा करिव १० हजार जना व्यक्तिहरुले अवलोकन गर्ने लक्ष्य रहेको छ । महोत्सवमा १० लाख खर्च हुने अनुमान गरेको आयोजकले जनाएको छ।

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com